# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन,
वागमती प्रदेश, नेपाल

## BHARATPUR METROPOLITAN CITY

Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं. ०८०/०८१
च.नं. ५९२८

मितिः २०८०/११/१६
ने.स.११४४ सिल्लागा, ४ बुधवार

श्री वडा कार्यालय सवै,
भरतपुर महानगरपालिका

विषयः व्यवसाय कर र सम्पत्तिकर असुल गरी सेवा प्रवाह गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा, भरतपुर महानगरपालिकाको राजस्व ऐन, २०७६, सम्पत्ति तथा भूमि कर व्यवस्थापन कार्यविधि, २०८० र आर्थिक ऐन, २०८० बमोजिम तहाँ वडा अन्तर्गत रहेका सवै संस्थागत विद्यालयहरुले आफ्नो विद्यालयको मातहतमा रहेको जग्गा र उक्त जग्गामा बनाइएको भौतिक संरचनाको सम्पत्तिकर प्रयोजनका लागि विवरण पेश गरी नियमित रुपमा सम्पत्तिकर महानगरपालिकामा बुझाउनु पर्ने र शैक्षिक संस्थाको अभिलेख पेश गरी महानगरपालिकामा व्यवसाय दर्ता एवं नविकरण गर्नु पर्ने कानुनी प्रावधान रहेकोमा पटक-पटक पत्राचार गर्दा समेत कतिपय संस्थागत विद्यालयहरुले संरचनाको विवरण समावेश गरी सम्पत्तिकर नवुझाएको साथै व्यवसाय दर्ता तथा नविकरण नगरेको हुँदा करचुक्ता नगरेसम्म सेवा प्रवाह नगर्नु नगराउनुहुन जानकारी गराइन्छ ।साथै नियमित सम्पत्तिकर र व्यवसायकर वुझाउने विद्यालयहरुलाई असल करदाताको स्टिकर प्रदान गर्ने र सोको अभिलेख महानगरपालिका अन्तर्गत राजस्व व्यवस्थापन महाशाखामा पठाउनुहुन समेत जानकारी गराइन्छ ।

पुनश्चः *नक्सापास नभएको संरचनाको सम्पत्तिकर अशुल गर्दा प्राविधिकबाट स्थलगत निरिक्षण गरी संरचनाको आकार, प्रकार, वनौट, किसिम र संरचनाको क्षेत्रफल एकिन गरी नक्सा पास नभएतापनि नक्सा पास भए सरह मानी मूल्याङ्कन गरी सम्पत्ति कर असुल गर्ने र नक्सापासको लागि प्रक्रिया अगाडी बढाउन सकिनेछ ।*

.........................
जगन्नाथ अर्याल
राजस्व व्यवस्थापन महाशाखा प्रमुख

<u>बोधार्थः</u>

१. श्री शैक्षिक प्रशासन महाशाखा, भरतपुर महानगरपालिकाः-*आवश्यक सहयोग र समन्वयको लागि ।*

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned with CamScanner